
# बेर्ना कुहिने रोग

## (Damping off ) *pythum spp fusarium spp*
## *Phythopthora, Rhizoctonia spp*









### क्षति गर्ने बाली:

विषेश गरी तरकारी बालीका बेर्नाहरु

### लक्षण:

- बेर्ना उम्रिनु अगावै जमिन माथि आउने क्रममा रोगको आक्रमण भएमा बाटो मर्छ ।
- बेर्ना उम्रि सकेपछि रोग लागेको बेर्ना ढल्छ ।
- बेर्नाको माटोको सतह नजिकैको भागबाट यस रोगको संक्रमण भइ फेदको वरिपरि बोक्राको भाग खुम्चिने र पानीले भिजेको जस्तो भई बिरुवा ढल्छ र विस्तार ओइलाउँछ र मर्छ ।

### व्यवस्थापन

- पर्याप्त घाम लाग्ने पाहारिलो र नपर्ने ठाउँमा नर्सरी बनाउने ।
- हरेक सिजनमा एउटै ठाउँमा नर्सरी ब्याड नबनाउने ।
- ब्याड बनाउँदा केही अग्लो बनाउने तथा बाक्लो बीउ नछर्ने ।
- ब्याडमा पानीको राम्रो निकासको प्रबन्ध गर्ने ।
- नर्सरीको लागि पानी नजम्ने खालको दोमत माटोको प्रयोग गर्ने ।
- राम्रो सँग पाकेको प्राङ्गारिक मलको मात्र प्रयोग गर्ने ।
- नर्सरी ब्याड तयार गर्नु अघि माटोमा सिचाइ गरी करिब १५ सेमी बाक्लो सुकेका पात पतिङ्गर जम्मा गरी जलाउने र खरानी समेत माटोमा मिसाइ नर्सरी ब्याड तयार गर्ने ।
- जैविक ढुसीनाशक विषादी ट्राइकोडर्मा १० ग्राम प्रति केजीका दरले बीउ उपचार गरी रोप्ने ।
- ब्याड बनाउँदा ट्राइकोडर्मा १ के जी र ५० केजी कम्पोष्ट मिसाइ तयार गरेको उपचारित कम्पोष्ट मलको प्रयोग गर्ने ।
- रोग लागेका अवस्थामा पनि ट्राइकोडर्मा ५ ग्राम प्रतिलिटर पानीका दरले मिसाएर ड्रेन्चिङ गर्ने वा कार्वेन्डाजिम ५०% डब्लु पी २ ग्राम प्रति लिटर पानीका दरले मिसाएर छर्ने ।


गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**बाली संरक्षण प्रयोगशाला**
पोखरा, नेपाल